फोन : ९७७-१-५३६२४१६, ५३६२५१८
५३६२३२६, ५३६२९८८
फ्याक्स : ९७७-१-५३६२५१६
बबरमहल
फोन : ९७७-०१-५७१८०००/५७१८०३०
फ्याक्स : ९७७-०१-५७१८०२२
ईमेल : dgca@caanepal.gov.np
सिनामंगल

नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, काठमाडौं, नेपाल ।

प.सं.:

मिति: २०८३।०४।०४

प्रेस विज्ञप्ति

उड्डयन सुरक्षालाई थप सुदृढ बनाउन महानिर्देशकद्वारा वायुसेवा कम्पनीहरूलाई निर्देशन

आज मिति २०८३।०४।०४ गते नेपाल नागरिक उड्डयन प्राधिकरण (CAAN) का महानिर्देशकको अध्यक्षतामा नेपालका सबै वायुसेवा कम्पनीका Accountable Manager हरूसँग उडान तथा हवाई सुरक्षा (Aviation Safety and Security) लाई थप सुदृढ बनाउने सम्बन्धी बैठक सम्पन्न भयो ।

बैठकमा महानिर्देशकले नागरिक उड्डयन क्षेत्रको दिगो विकासको मुख्य आधार नै उड्डयन सुरक्षा भएको उल्लेख गर्दै सबै वायुसेवा कम्पनीहरुलाई उड्डयन सुरक्षा मापदण्डहरूको प्रभावकारी कार्यान्वयनमा थप गम्भीर र जिम्मेवार बन्न आग्रह गर्नुभयो । उहाँले उडान सञ्चालनका प्रत्येक चरणमा जोखिमको पहिचान तथा व्यवस्थापन, उड्डयन सुरक्षा प्रणाली (Safety Management System) को प्रभावकारी कार्यान्वयन, कर्मचारीहरूको नियमित तालिम तथा सुरक्षा संस्कृतिको (Safety Culture) प्रवर्द्धनमा विशेष ध्यान दिन निर्देशन दिनुभयो ।

महानिर्देशकले यात्रुको विश्वास र अन्तर्राष्ट्रिय समुदायमा नेपालको उड्डयन क्षेत्रको विश्वसनीयताको अभिवृद्धि गर्न सबै सरोकारवालाको साझा प्रयास आवश्यक रहेको बताउनुभयो । उहाँले उड्डयन सुरक्षा सम्बन्धी कुनै पनि विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै नागरिक उड्डयनका स्थापित मापदण्डहरूको पूर्ण पालना गर्न आग्रह गर्नुभयो ।

बैठकमा सहभागी वायुसेवा कम्पनीका Accountable Manager हरूले महानिर्देशकबाट प्राप्त निर्देशनहरू र प्राधिकरणका मापदण्डहरुलाई पूर्ण रुपमा कार्यान्वयन गरी उडान तथा हवाई सुरक्षाको स्तरलाई थप सुदृढ बनाउन प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नु भयो ।

प्रवक्ता

नेपाल नागरिक उड्डयन प्राधिकरण